# स्थानीय राजपत्र

**खैरहनी नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड (२) चितवन, श्रावण ०१, २०७५ साल अंक ५**

## भाग ३

**खैरहनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम**
**खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि**
**सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ**
**संवत् २०७५ को कार्यविधि नं. ५**

### केबुलटेलिभिजन तथा एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि,२०७५

स्वीकृत मिति :– २०७५/०३/०८

प्रस्तावना:

खैरहनी नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने केबुल टेलिभिजनतथा एफएम रेडियो सञ्चालनको लागि अनुमति, नवीकरण र नियमन गर्ने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले,

खैरहनी नगरपालिकाको दोस्रो नगरसभाले नेपालको संविधानको धारा २२६ (१) बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"केबुल टेलिभिजन तथा एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि,२०७४"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “प्रमुख” भन्नाले नगरकार्यपालिकाको प्रमुखसम्झनुपर्छ ।

(ख) “उपप्रमुख” भन्नाले नगरकार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग)“कार्यपालिका” भन्नाले खैरहनी नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ)“प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) “नगरपालिका” भन्नाले खैरहनीनगरपालिका सम्झनु पर्छ ।

(छ) “मन्त्रालय” भन्नाले सूचना तथा सञ्चार मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनु पर्छ ।

(झ) “विषयगत शाखा” भन्नाले खैरहनी नगर कार्यपालिकाको कार्यालयअन्तरगतको विषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

(ञ) “वडा सचिव” भन्नाले नगरपालिकाकोवडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ ।

(ट) “वडा समिति” भन्नाले खैरहनी नगरपालिकाको वडा समिति सम्झनु पर्छ ।

(ढ) “सदस्य” भन्नाले नगर कार्यपालिको सदस्य सम्झनु पर्छ । सो शब्दले नगर कार्यपालिकाकोप्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउनेछ ।

(ठ) “स्याटेलाईट रिसिभिंग सिष्टम” भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू–उपग्रहहरु वा अन्तरिक्ष स्टेशनबाट प्राप्त गर्ने डिस एण्टेना लगायतका सञ्चार प्रणाली सम्झनु पर्दछ ।

(ड) “रेडियो यन्त्र” भन्नाले लगातार तारको कनेक्शन विना रेडियो तरंगद्धारा शब्द,चित्र वा संकेत प्राप्त गर्नेवा पठाउने कामको निमित्तप्रयोग गरिने देहायको यन्त्रहरु सम्झनुपर्छः

- डिस एण्टेना लगायत सबै प्रकारको स्याटलाइट रिसिभिंग सिष्टमहरु,
- रेडियो ट्रान्समिटर

(ढ) “केबुलटेलिभिजन” भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्धारा प्रसारण सामग्रीहरु विभिन्न ग्राहक, सदस्य वा उपभोक्ताहरु समक्ष पुर्‍याउने प्रविधि सम्झनु पर्दछ ।

ण) “कार्यक्रम” भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्धारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रम सम्झनु पर्दछ ।

त) “प्रसारण संस्था” भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रम प्रसारण गर्न ईजाजत पत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्दछ ।

(थ) “अनुमतिपत्र” भन्नाले केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्न दिइएको स्वीकृति सम्झनु पर्छ र सो शब्दले कार्यक्रम डाउनलिङ्क गर्न तथा सिग्नल वितरणको लागि दफा ९ बमोजिम प्रदान गरिएको अनुमतिपत्र समेतलाई जनाउँछ ।

(द) “डाउनलिङ्क” भन्नाले स्याटेलाइट मार्फत प्रसारण गरिएका कार्यक्रमलाई स्थानीय वितरण प्रणाली वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट प्रसारण गर्ने उद्देश्यले कार्यक्रम डाउनलिङ्क गर्ने कार्य सम्झनु पर्छ ।

(ध) “स्थानीय वितरण प्रणाली” भन्नाले स्याटेलाइट वा भू-उपग्रह प्रसार केन्द्रबाट प्रसारण गरिएका कार्यक्रम केबुल, मल्टिच्यानल मल्टिप्वाइन्ट डिष्ट्रिब्यूशन सिष्टम वा यस्तै अन्य किसिमका वितरण प्रणाली प्रयोग गरी कुनै खास क्षेत्रका उपभोक्ता समक्ष

वितरण गर्ने प्रणाली सम्झनु पर्छ ।

३. **<u>प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन</u>** :(१) खैरहनी नगरपालिका क्षेत्रभित्रकेबुल टेलिभिजनतथा १०० वाट सम्मका एफएमरेडियोको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण गर्ने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

(२) यो कार्यविधि लागु हुनुपूर्व प्रचलित कानून बमोजिम इजाजतपत्र लिई सञ्चालन भैरहेका केबुल टेलिभिजनतथा एफएम रेडियोहरुको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन कार्य समेत नगरपालिकाको हुनेछ ।

४. **<u>इजाजतपत्र नलिई प्रसारण गर्न नहुने</u>** :(१) कसैले यस कार्यविधि बमोजिम इजाजतपत्र नलिई यस नगरपालिका क्षेत्रभित्र केबुल टेलिभिजनतथा एफ.एम. सञ्चालनसञ्चालन गर्न पाउनेछैन ।

(२) कसैले उपदफा (१) विपरित गरेमा दफा २३ बमोजिम जरिवाना गरिनेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि आउनु भन्दा अगावै प्रचलित नेपाल कानून बमोजिम दर्ता भै सञ्चालन भैरहेका केबुल टेलिभिजनतथा १०० वाटसम्म क्षमता भएका एफएम रेडियोहरुको हकमा नयाँ इजाजतपत्र लिइरहनुपर्ने छैन ।

५. **<u>इजाजतपत्रको लागि निवेदन दिनु पर्ने</u>** : केबुल टेलिभिजनतथा एफएम रेडियोसञ्चालनइजाजतपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थालेकेबुल टेलीभिजनको लागि अनुसूची-१ बमोजिमको ढाँचामा र एफएम रेडियोसञ्चालनको लागि अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा समक्ष निवेदन दिनुपर्नेछ ।

६. **<u>निवेदनसाथ संलग्न गर्नुपर्ने</u>**:दफा ५ बमोजिम दिने निवेदन साथ देहायको कागजात संलग्न गर्नुपर्नेछः

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्यातिप्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धानात्मकसंस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको बिषयको आर्थिक, प्राविधिक तथा व्यावसायिकपक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन ।

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र, सम्बन्धित विधान तथा सञ्चालकहरूको नागरिकताकोप्रमाणपत्रको प्रतिलिपि,

(ग) निवेदन दस्तुर (नगरसभाले तोके अनुरुपको रकम) बुझाएको नगदी रसिद वा तोकिएको राजश्व खातामा जम्मा गरेको दोस्रो प्रति भौचरको साथै प्रसारण केन्द्र रहने ठाउँको विवरण ।

(घ) केबुलटेलिभिजनतथा एफएम रेडियो दर्ताको लागि क्रमशः अनुसूची–१तथाअनुसूची–२ मा उल्लेख भए बमोजिमका कागजातहरु अनिवार्य रुपमा समाबेश गर्नुपर्ने छ ।

७. **<u>इजाजतपत्र दिन सकिने</u>** : (१) नगरपालिकाले दफा ५ बमोजिम प्राप्त निवेदन र संलग्न कागजात साथै राखी फ्रिक्वेंन्सी उपलब्ध हुने नहुने सम्बन्धमा नेपाल सरकारको विषयगत मन्त्रालयमा लेखिपठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखिपठाएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट फ्रिक्वेंन्सी उपलब्ध गराउन सकिने व्यहोरा लेखिआएमा नगरपालिकाले निवेदकलाई केबुल टेलिभिजन**को हकमा** अनुसूची - ३ रएफएम रेडियाको हकमा अनुसूची - ४ बमोजिमको ढाँचामा इजाजतपत्र उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमइजाजतपत्र दिनुपूर्व नगरपालिकाले रेडियो उपकरणहरु (एफएमट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि.रिसिभर) को इजाजत र नियमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) रेडियो उपकरणहरु (एफएम ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि.रिसिभर) को इजाजतपत्र लिनको लागि दरखास्त साथ अनुसूची–५ र अनुसूची–६ बमोजिमका कागजातहरु अनिवार्यसमाबेश गर्नुपर्नेछ ।

(५) नगरसभाको निर्णय बमोजिम नगरकार्यपालिकाको कार्यालयले स्याटेलाइट रिसिभिङ्ग सिष्टमकोलाइसेन्स अनुसूची - ७ बमोजिम र केबुल टेलिभिजन तथा एफएम ट्रान्समिटर र STL Linkराख्न तथा प्रयोग गर्नको लागिलाइसेन्स लागि अनुसूची - ७ बमोजिम ईजाजत दिनेछ ।

८.**<u>डाउनलिङ्क गर्न अनुमतिपत्र लिनु पर्नेः</u>** (१) कुनै विदेशी प्रसारण संस्थाले आफ्नो मुलुकबाट प्रसारण भएको कुनै कार्यक्रम डाउनलिङ्क गरी नेपालभित्र प्रसारण गराउन चाहेमा अनुमतिपत्रको लागि नगरसभाले तोकिदिए बमोजिमको दस्तुर सहित अनुसूची-७ को फाराम नं. (क) र (ख) बमोजिमको ढाँचामा नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

९. **<u>अनुमुमतिपत्र दिन सक्नेः</u>** (१) दफा ८ बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन पर्न आएमा नगरपालिकाले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकले पूरा गर्नुपर्ने शर्त पूरा गरेको र प्राविधिक रूपमा सम्भव भएमा नगरसभाले तोकेबमोजिमको दस्तुर लिई अनुसूची-८ को फाराम नं.(क) र फाराम नं. (ख) बमोजिमको ढाँचामा अनुमतिपत्र दिन सक्नेछ ।

१०.**<u>इजाजतपत्रको अवधि र नवीकरण दस्तुरः</u>** (१) केबुल टेलिभिजन तथा एफएम रेडियोको इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नु पर्नेछ ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने संस्था वा व्यक्तिले इजाजतपत्र बहाल रहने अवधि भुक्तान नहुँदै नगरसभाले तोके अनुसारको बुझाउनु पर्ने अघिल्लो आर्थिक बर्षको शुल्क बुझाएको प्रमाण संलग्न गरी इजाजतपत्र नवीकरणको लागि अनुसूची–९ बमोजिमको ढाँचामा सूचना शाखामा निवेदन दिनु पर्नेछ ।

(३) दफा (२) बमोजिम इजाजतपत्र नवीकरणको लागि कुनै निवेदन पर्न आएमा नगर कार्यपालिकाको कार्यालयले इजाजतपत्र नवीकरण गर्दा लाग्ने भनी नगरसभाले तोके बमोजिम शुल्क लिई त्यस्तो इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ ।

(४) दफा (२) बमोजिमको म्याद भुक्तान भएपछि १ वर्षभित्रसम्म इजाजतपत्र नवीकरण गर्न आएमा नगरसभाले तोके बमोजिम जरिवाना र विलम्व दस्तुर समेत लिई इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ । म्याद भुक्तान भएको १वर्षभित्र पनि इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(५) केबुल टेलिभिजनतथा एफएम रेडियो दर्ता, तथा नवीकरण शुल्क सम्बन्धित स्थानीय तहको नगरसभाले तोके बमोजिम हुनेछ ।

**११<u>दस्तुर तिर्नु पर्ने</u>** :(१) केबुल टेलिभिजनतथा एफएम रेडियो सञ्चालन गर्ने संस्था वाव्यक्तिले स्थानीय तहको नगरसभाले तोके बमोजिम शुल्क तिर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाउँदा सम्बन्धित संस्था वाव्यक्तिले सो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन समेतपेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम शुल्क नबुझाउने वा उपनियम (२) बमोजिमलेखापरीक्षणको प्रतिवेदन पेश नगर्ने संस्था वा व्यक्तिका सम्बन्धमा नगरपालिकाले देहाय बमोजिम गर्न सक्नेछ :-

(क)विज्ञापनमा रोकलगाउन,
(ख) सञ्चार सामग्री एवं सोसँग सम्बन्धित कच्चा पर्दाथको पैठारीमारोक लगाउन,
(ग) त्यस्तो संस्था वा व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्न ।

१२. **<u>प्रसारणमा रोक लगाउन सकिनेः</u>**नगरपालिकाले कुनै केबुल टेलिभिजनतथा एफएम रेडियो प्रसारण स्थलको निरीक्षण गर्दा वा त्यस्तो केबुल टेलिभिजन **वा** एफएम रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको उजुरीको छानविन गर्दा देहाय बमोजिम भएको देखिएमा बढीमा ३ महिनाको लागि त्यस्तो केबुल टेलिभिजनतथा एफएम रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछः

(क) निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रमप्रसारण नगरेको र त्यसरी मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुनः गरिएकोनिरीक्षण तथा छानविनबाट देखिएमा,

(ख) समितिले कसैले कार्यविधि बमोजिम इजाजतपत्र नलिईअनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमात्यस्तो केबुल टेलिभिजनतथा एफ.एम रेडियो तत्काल बन्द गर्ने, शब्द हटाउन सुझाव प्राप्त निर्देशन गर्न सक्नेछ । तर बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ ।

१३. **इजाजतपत्र रद्द गर्न सकिने**: तोकिएको शर्त र समयावधिभित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्तिवा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

१४. **केबुल टेलिभिजनतथा एफएम रेडियो समन्वय तथा अनुगमन समितिः**(१) स्थानीय तहमा निम्नानुसारका एक केबुल टेलिभिजनतथा एफएम रेडियो समन्वय तथा अनुगमन समिति रहने छः

क) नगरपालिकाको प्रमुख - संयोजक

ख) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) नगर कार्यपालिकाको सदस्यहरु मध्येवाट १ जना महिला
सहित २ जना (विषयबस्तुको जानकारी भएको भए राम्रो) - सदस्य

ड) सम्बन्धित विषयगत शाखाको शाखा प्रमूख - सदस्य सचिव

१५. **केबुल टेलिभिजन तथाएफएम रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**केबुल टेलिभिजनतथाएफएम रेडियो समन्वय तथा अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

(क) स्थानीय तहमा दर्ता हुन आएका केबुल टेलिभिजनतथा १०० वाट क्षमतासम्मको एफ.एम. रेडियोको दर्ता सम्वन्धमा आवश्यक निर्णय गर्ने ।

(ख) स्थानीय तहमा सञ्चालित केबुल टेलिभिजनतथा एफ.एम. रेडियोहरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरे अनुगमन गर्ने व्यवस्था मिलाउने ।

(ग) स्थानीय तहमा केबुल टेलिभिजनतथा एफ.एम रेडियो सञ्चालनको लागि आवश्यक समन्वय तथा सोको अनुगमन गर्ने ।

(घ) आवश्यक देखेको अन्य कार्यहरु गर्ने ।

१६. **केबुल टेलिभिजन तथाएफएम रेडियो समन्वय तथा अनुगमन समितिको बैठक र कार्यप्रक्रियाः**(१)समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्नेछ ।

(२) समितिको बैठक भत्ता सभाबाट तोकिए बमोजिम हुनेछ ।

१७. **केबुल टेलिभिजन तथा एफएम रेडियोले पालना गनुपर्ने शर्तहरुः**यस कानून बमोजिम दर्ता भै सञ्चालनमा रहेका केबुल टेलिभिजनतथा एफएम रेडियोहरुले कार्यक्रम प्रसारण गर्दा देहाय बमोजिमको शर्तहरुको अधीनमा रही कार्यक्रम प्रसारण गर्नुपर्नेछः

(क) केबुल टेलिभिजनतथा एफएम रेडियोले प्रशारण गर्ने समाचार कुनै दल विशेषको नभई स्वतन्त्र, तटस्थ रुपमा सत्य समाचारको रुपमा कार्यक्रम प्रशारण गर्नुपर्नेछ ।

(ख) लोक कल्याणकारी समाचारहरुको प्रशारणमा ध्यानदिनु पर्नेछ ।

(ग) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसिमले असर नपर्ने गरी प्रशारण गर्नुपर्ने हुन्छ ।

(घ) चारभन्दा कम च्यानेलबाट कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफ्नो कार्यक्रम प्रसारण गर्ने समयको एक चौथाई र चार वा सो भन्दा बढी च्यानेलबाट कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कम्तीमा एक च्यानेलबाट नेपाल सरकारको स्वामित्वमा रहेको प्रसारण संस्थासंग सम्झौता गरी उक्त संस्थाको कार्यक्रम प्रसारण गर्नु पर्ने ।

(ङ) सेवा लिन ईच्छुक सेवाग्राहीलाई बिना पूर्वाग्रह सेवा उपलव्ध गराउनु पर्नेछ । साथै सेवा सुविधा तोक्दा प्रचलित बजार दरभन्दा बढी लिन पाइने छैन ।

(च) कार्यालय समय अघिपछि र बिदाको दिनमा पनि सेवाग्राहीको आवश्यकता बमोजिम सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चतता गर्नु पर्नेछ ।

छ) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिको सहमतिलिनु पर्ने ।

ज) यो कार्यविधि लागु हुनु पूर्व सूचना तथा सञ्चार मन्त्रालयबाट राष्ट्रिय प्रशारण ऐन, २०४९ र राष्ट्रिय प्रशारण नियमावली, २०५२ बमोजिम जारी गरेका केबुल टेलिभिजनतथा १०० वाट सम्मका एफएम रेडीयोको ईजाजतपत्रहरु यसै कार्यविधि बमोजिम जारी भएको मानिनेछ ।

(झ) आपत्कालीन वा विपद्को समयमा नगर कार्यपालिकाबाट निर्देशन भएमा सरकारी सूचनाहरू निःशुल्क प्रसारण गर्नुपर्नेछ ।

ञ) युद्व वा संकटकालीन समय आई परेमा नगर कार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्नेगरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नु पर्नेछ ।

(ट) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्याक्तिले कार्यक्रम प्रसारणको आरम्भ, बीचर अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्नेछ ।

(ठ) प्रचलित ऐन कानूनको पूर्णरुपमा परिपालना गर्नु पर्नेछ ।

१८. **प्रशारण गर्न नहुने** :केबुल टेलिभिजनतथा एफएम रेडियोहरुले देहाय बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्ने छैन :

(क) नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने ।
(ख) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।
(ग) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच पुर्‍याउने ।
(घ) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरू बीच वैमनश्यतासिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने ।
(ङ) अदालतको अवहेलना हुने
(च) सामाजिक विकृति फैलाउने किसिमका अश्लिल सामग्रीहरू ।
(छ) कुनै व्याक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्नेसामग्रीहरू ।
(ज) संविधान तथा प्रचलित कानूनको सीमाभित्र रही नगरसभाले प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू ।

१९. **कार्यक्रम प्रशारण प्रारम्भ गर्नु पर्ने**:(१) इजाजतपत्र प्राप्त व्याक्ति वासङ्गठित संस्थाले इजाजतपत्र वा अनुमतिपत्र पाएको मितिले तिन महिनाभित्र आफ्नो प्रसारणप्रारम्भ गर्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपदफा(१) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण समेतखुलाई अवधि थपको लागि त्यस्तो अवधि भुक्तान हुनु अगावै नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दाअवधि थप गर्न मनासिव देखेमा नगरपालिकाले एक महिनासम्मको अवधि थप गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमको अवधिभित्र पनि प्रसारण प्रारम्भ नगर्ने व्यक्तिवा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

२०. **विवरण संशोधन गर्न सक्ने**: (१) कसैले इजाजतपत्रमा उल्लेखित कुनै विवरणबदल्न चाहेमा नगरसभाले तोके बमोजिम दस्तुर सहित अनुसूची-१२ बमोजिमको ढाँचामा नगर कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मनासिबदेखिएमा नगर कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।

२१. **इजाजतपत्रको प्रतिलिपि :** (१) यस कानून बमोजिम प्राप्त इजाजतपत्र हराएमा, नासिएमा वा कुनै कारणवश च्यातिएमा इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले सो को प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) कसैले उपदफा (१) बमोजिम प्रतिलिपि माग गरेमा नगरपालिकाले तोकिए बमोजिमको दस्तुर लिई नक्कल दिनुपर्नेछ ।

२२.**नियमन गर्न सक्ने**:(१) इजाजतपत्र उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गरे वा नगरेको सम्बन्धमाकेबुल टेलिभिजनतथा एफएम रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण तथाछानवीन गर्न गराउन सक्नेछ । साथै निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रमप्रसारण नगरेको पाईएमा इजाजतपत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गर्नकेबुल टेलिभिजनतथा एफएम रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले एक पटकको लागि बढीमा १ महिना समय उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रमप्रसारण नगरेको र मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुनः गरिएकोनिरीक्षण तथा छानविनबाट देखिएमा वा समितिले कसैले कार्यविधि बमोजिम इजाजतपत्र नलिईअनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमात्यस्तो प्रसारण संस्था तत्काल बन्द गर्न सक्नेछ । तर बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ ।

२३. **दण्ड जरीवाना**:(१) यस कानून विपरीत गर्नेलाई कार्यपालिकाले केबुल टेलिभिजनतथा एफएम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्नुपूर्व त्यस्तो केबुल तथा एफएमरेडीयो सञ्चालकलाई आफ्नो भनाइ राख्ने मौका दिनुपर्नेछ ।

२४. **पुनरावेदन**: कार्यपालिकाले दफा २३ बमोजिम गरेको जरीवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिनभित्र न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ ।

२५. **अनूसुचीमा हेरफेर तथा थपघट गर्न सक्ने**:

कार्यविधिको अनूसुचीमा हेरफेर तथा थपघट गर्नु पर्ने भएमा स्थानीय तह केबुल टेलिभिजनतथा एफएम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा कार्यपालिकाले गर्नेछ ।

२६. **कार्यविधिको व्याख्या तथा संशोधन**

कार्यविधिको संशोधन गर्नु पर्ने भएमा स्थानीय तह केबुल टेलिभिजनतथा एफएम रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा कार्यपालिकाले संशोधन गर्नुपर्ने छ ।

अनुसूची - १

(नियम ५ संग सम्बन्धित)

केबुल टेलिभिजनवा अन्य संचार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्ने इजाजतपत्रको लागिदिइने निवेदन

श्री ..........................

केबुल टेलिभिजन तथा एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ दफा ५ बमोजिम स्याटेलाइट/केबुल टेलिभिजन वा अन्यसंचार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई योनिवेदन गरेको छु / छौं ।

१. निवेदकको,

| | |
|---|---|
| (क) स्थायी ठेगाना - | (ख) अस्थायी ठेगाना - |
| जिल्ला :- | जिल्ला :- |
| नगरपालिका ।गाउँपालिका | नगरपालिका । गाउँपालिका |
| वडा नं. :- | वडा नं. :- |
| गाउँ । टोल :- | गाउँ । टोल :- |
| फोन नं. :- | फोन नं. :- |
| घर नं :- | घर नं :- |
| फ्याक्स नं :- | फ्याक्स नं :- |
| नागरिकता लिएको जिल्ला | इमेल ठेगाना :- |
| मिति र नागरिकता नं :- | |

२. निवेदकको नागरिकता :-

३. प्रसारण संस्था वा व्यक्तिको

(क) नाम :

(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पूँजी)

(ग) अनुभव :-

(घ) प्राविधिक दक्षता :-

४. प्रसारण गरिने स्थान :-

५. प्रसारण हुने क्षेत्र .......... :-

६. प्रसारण शुरु हुने मिति :-

७. प्रसारणको माध्यम :-

८. प्रसारणको क्षमता :-

९. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेल :-

१०. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरू :-

११. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौता:-

१२. प्रसारणमा प्रयोग हुने भाषा :-

१३. प्रसारणको समयावधि :-

१४. प्रसारण गरिने कार्यक्रमहरू :-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको :-

सही :-

नाम :-

मिति :-

द्रष्टव्य :- निवेदन साथ देहायको कागजात संलग्न गर्नु पर्नेछ :-

- सम्बन्धित विषयमा अनुभवी तथा ख्याती प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धानात्मकसंस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यवसायिकपक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन ।

- प्रसारण संस्था दर्ताको प्रमाणपत्र सम्बन्धित विधान तथा सञ्चालकहरूको नागरिकताकोप्रमाणपत्रको प्रतिलिपि ,

- नगरसभाले तोके बमोजिमको राजस्व बुझाएको नगदी रसिद वा तोकिएको राजश्व खातामाजम्मा गरेको दोस्रो प्रति भौचर ।

- प्रसारण केन्द्र (Headedd) रहने ठाउँको विवरण र प्रसारण संस्थाको प्रसारण पहुँच देखाएकोनक्सा ।

- प्रसारणमा गरिने च्यानेलहरूको संख्या, प्रत्येक च्यानलको नाम, प्रकार

(सःशुल्क), (निःशुल्क) तथा स्याटेलाइट रिसिभरको विवरणको कागजात ।

- स्याटेलाइट, रिसिभर, मोडुलेटर र नेटवर्क डिटेल्स ।

- मन्त्रालयले समय समयमा तोकिदिएको अन्य कागजात ।

अनुसूची – २

**केबुल टेलिभिजन तथा एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को**

**दफा५ सँग सम्बन्धित**

स्थानीय तहमा एफएम रेडियो **सञ्चालन** गर्न इजाजतपत्रको लागि दिइने निवेदन

श्री ..........................

केबुल टेलिभिजन तथा एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को दफा ५ बमोजिम एफएम रेडियो सञ्चालन गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको,

(क) स्थायी ठेगाना - (ख) अस्थायी ठेगाना -

| (क) स्थायी ठेगाना | (ख) अस्थायी ठेगाना |
|---|---|
| जिल्ला :- | जिल्ला :- |
| नगरपालिका/ गाउँपालिका | नगरपालिका/ गाउँपालिका |
| वडा नं. :- | वडा नं. :- |
| गाउँ । टोल :- | गाउँ । टोल :- |
| फोन नं. :- | फोन नं. :- |
| घर नं :- | घर नं :- |
| फ्याक्स नं :- | फ्याक्स नं :- |
| नागरिकता लिएको जिल्ला | इमेल ठेगाना :- |

नागरिकता नं र नागरिकता लिएको मिति :-

२. संस्था वा व्यक्तिको :-

(क) नाम :

(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पूँजी)

(ग) अनुभव :-

(घ) प्राविधिक दक्षता :-

३. प्रसारण गरिने स्थान :-

४. प्रसारण हुने क्षेत्रः-

५. प्रसारण शुरु हुने मिति :-

६. प्रसारणको माध्यम :-

७. प्रसारणको क्षमता :-

८. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेल :-

९. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरू :-

१०. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौताः-

११. प्रसारणमा प्रयोग हुने भाषा :-

१२. प्रसारणको समयावधि :-

१३. प्रसारण गरिने कार्यक्रमहरू :-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको :-

सही :-

नाम :-

मिति :-

## अनुसूची - ३

(दफा ७ (२) संग सम्बन्धित)

स्याटेलाइट, केबुल टेलिभिजनवा अन्य सञ्चार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र

इजाजतपत्र नं. :-

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थानको नाम :-

२. ठेगाना :-

| (क) स्थायी ठेगाना - | (ख) अस्थायी ठेगाना - |
|---|---|
| जिल्ला :- | जिल्ला |
| नगरपालिका/ गाउँपालिका | नगरपालिका/ गाउँपालिका |
| बडा नं. :- | बडा नं. :- |
| गाउँ । टोल :- | गाउँ । टोल :- |
| फोन नं. :- | फोन नं. :- |

३. प्रसारण संस्था वा व्यक्तिको नाम :-

४. प्रसारणको माध्यम :-

५. प्रसारणको क्षमता

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फिक्वेन्सी :- (ख) च्यानेल :-

७. प्रसारण गरिने स्थान :-

८. प्रसारण हुने क्षेत्र •.....:-

९. प्रसारण शुरु हुने मिति :-

१०. प्रसारणमा प्रयोग हुने भाषा :-

११. प्रसारणको समयावधि :-

१२. प्रसारण गरिने कार्यक्रमहरू :-

१३. इजाजतपत्र बहाल रहने मिति :-

१४. केबुल टेलिभिजन तथा एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४मा तोकिएका शर्तकाअतिरिक्त सम्बन्धित मन्त्रालयले समय समयमा तोकी दिएका अन्य शर्तहरूको समेत पालना गरी केबुलप्रसारण गर्नु पर्नेछ ।

कार्यालयको छाप इजाजतपत्र दिने अधिकारीको

सही :-

नाम :-

दर्जा :-

कार्यालय :-

मिति :-

नवीकरणको विवरण

आर्थिक वर्ष नवीकरण दस्तुर

तथा अन्य

विवरण

नवीकरण मिति नवीकरण गर्ने

अधिकारीको

दस्तखत

नवीकरण सम्बन्धी विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्नेअधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

**अनुसूची – ४**

**एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को**

**दफा७ (२) सँग सम्वन्धित**

स्थानीय तहमा केबुल तथा एफएम रेडियो इजाजतपत्र

इजाजतपत्र नं. :-
१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-
२. ठेगाना :-

| (क) स्थायी ठेगाना - | (ख) अस्थायी ठेगाना - |
|---|---|
| जिल्ला :- | जिल्ला :- |
| नगरपालिका /गाउँपालिका | नगरपालिका /गाउँपालिका |
| वडा नं. :- | वडा नं. :- |
| गाउँ । टोल :- | गाउँ । टोल :- |
| फोन नं. :- | फोन नं. :- |

३. प्रसारण संस्था वा व्याक्तिको नाम :-
४. प्रसारणको माध्यम :-
५. प्रसारणको क्षमता
६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सी :-　　　　(ख) बैण्ड :-
(ग) च्यानेल :-　　　　(घ) ट्रान्समिटर :-
(ङ) एण्टेना :-
७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :-
८. प्रसारण हुने क्षेत्र र जनसंख्या :-
९. प्रसारण शुरु हुने मिति :-
१०. प्रसारणमा प्रयोग हुने भाषा :-
११. प्रसारणको समय र समयावधि :-
१२. प्रसारण गरिने कार्यक्रमहरू :-
१३. इजाजतपत्र बहाल रहने मिति :-
१४. अन्य शर्तहरू :-
(क)
(ख)
(ग)

कार्यालयको छाप　　　　इजाजतपत्र दिने अधिकारीको :-
सही :
मिति :-　　　　नाम :-
दर्जा :-
कार्यालय :-
नवीकरण दस्तुर तथा अन्य विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्नेअधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

**अनुसूची– ५**

केबुल टेलिभिजन तथा **एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को**

**दफा७(४) सँग सम्बन्धित**

स्याटेलाइट रिसिभिङ्ग सिष्टम/स्याटेलाइट कम्युनिकेशनसिष्टम (अर्थ स्टेशन) को लाइसेन्सको लागि दिइने दरखास्तः
श्री ..........

स्याटेलाइट रिसिभिङ्ग सिष्टम राख्न तथा प्रयोगगर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेशिफिकेशनको प्रतिलिपिसमेत संलग्न गरी स्याटेलाइट रिसिभिङ्ग सिष्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारण :-

२. प्रयोग गर्न चाहेको सिष्टमको विवरणः-

(क) निर्माताको नामः-

(ख) मोडेल नं.:-

(ग) सिरियल नं.:-

(घ) साइज र अन्य विवरणः-

(ङ) एण्टेना सम्बन्धी विवरणः-

३. प्रयोग गरिने ठाउँः-

४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज । प्रयोग गर्ने फ्रिक्वेन्सीः-

५. कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने होः-

६. प्रयोग भइरहेको भए कुन मिति देखि प्रयोग भइरहेको होः-

७. प्रयोगः-

(क) व्यक्तिगतः-

(ख) सामुहिकः-

८. सामुहिक रूपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण (नाम यसैसाथ संलग्न गरेको हुनुपर्ने)

९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति भए नभएकोः-

(घर धनीको स्वीकृति पत्र यसैसाथ संलग्न गर्नु पर्ने)

१०. आयात गरिने देशको नामः-

११. आयात हुने भन्सार कार्यालयको नामः-

दरखास्तवालाको

सहीः-

नामः-

ठेगानाः-

मितिः-

## अनुसूची – ६

केबुल टेलिभिजन तथा **एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को**

**दफा७(४) सँग सम्बन्धित**

## एफएम ट्रान्समिटर र STL Linkको लाईसेन्सको लागि दरखास्त

श्री…………………,

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवम् कारण :-

२. प्रयोग गर्ने स्थान :-

३. प्रयोग गरिने फ्रिक्वेन्सी :-

४. प्रयोग गर्ने अनुमानित मिति :-
५. रेडियो यन्त्रको विवरण :-
(क) निर्माता :-
(ख) मोडेल नं. :-
(ग) सिरियल नं. आदि :-
६. स्टेशनको प्रकार :-
७. प्रयोग गरिने प्रणालीको प्रकार :-
८. प्रयोग गरिने समय :-
९. अन्य विवरणः-
(क)
(ख)
(ग) दरखास्तवालाको
सहीः-
नामः-
ठेगानाः-
मितिः-

**अनुसूची – ७**

केबुल टेलिभिजन तथा एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को

दफा७ सँग सम्बन्धित

स्याटेलाइट रिसिभिङ्ग सिष्टमकोलाइसेन्सको नमूना

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्नविवरणको स्याटेलाइट रिसिभिङ्ग सिष्टम (अर्थ स्टेशन) राख्न तथाप्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।
१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-
२. ठेगाना :-
३. लाइसेन्स नं. :-
४. जडान हुने स्थान :-
५. अर्थ स्टेशन स्याटेलाइट सिष्टमको विवरण :-
(क) निर्माताको नाम :-
(ख) मोडेल नं. :-
(ग) साइज र अन्य विवरण :-
(घ) एण्टेनाको विवरण :-
६. इनपुट फ्रिक्वेन्सी रेन्ज/ प्रयोग गरिने फ्रिक्वेन्सीः-
७. कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदान-प्रदान गर्ने :-
८. प्रयोग :-
(क) व्यक्तिगतः-
(ख) सामूहिकः-

९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नाम :-

१०. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरू:-

(क) सार्वजनिक सडक, बिजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउण्ड भित्र मात्र वितरण गर्नु पर्नेछ ।

(ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामग्री बाहेक अन्य कुनै प्रकारको प्रसारण सामग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन ।

(ग) मुनाफा वा शुल्क आदि लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन ।

कार्यालयको छाप लाइसेन्स दिने अधिकारीको

सही:-

नाम:-

दर्जा:- मिति-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुरतथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्नेअधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

**अनुसूची – ८**

केबुल टेलिभिजन तथा **एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को**

**दफा७ सँग सम्बन्धित**

केबुल टेलिभिजन तथा एफएम ट्रान्समिटर र STL Linkराख्न तथा प्रयोग गर्नको लागिलाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्नविवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. प्रयोग गरिने स्थान :-

५. प्रयोगको उद्देश्य :-

६. प्रयोग गर्ने स्थान :-

७. प्रयोग गरिने फ्रिक्वेन्सी :-

८. रेडियो यन्त्रको विवरण :-

गैरहवा नगरपालिकाको स्थानीय राजपत्र

(क)

(ख)

(ग)

(घ)

९. प्रयोग गर्ने मिति :-

१०. स्टेशनको प्रकार :-

११. प्रयोग गरिने प्रणाली :-

१२. प्रयोग गरिने समय :-

१३. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरू:-

(क)

(ख)

(ग)

कार्यालयको छाप :- लाइसेन्स दिने अधिकारीको

सही:-

नाम:-

दर्जा:-

मिति:-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुरतथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीकोदस्तखत |
|---|---|---|---|
| | | | |

अनुसूची-९

(दफा८ सँग सम्बन्धित)

फाराम नं (क)

डाउलिङ्क गर्ने अनुमतिपत्रको लागि दिईने निवेदन

श्री.................

केबुल टेलिभिजन तथा एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को दफा८बमोजिम डाउनलिङ्क गरी नेपालभित्रकार्यक्रम प्रसारण गर्ने अनुमतिपत्र पाउनको लागि देहायका विवरण खुलाई यो निवेदन गरेको छु/छौं ।

रौरहनी नगरपालिकाको स्थानीय राजपत्र

१. निवेदकको,-

(क) नामः-

| | |
|---|---|
| (ख) स्थायी ठेगाना - | (ग) अस्थायी ठेगाना - |
| जिल्ला : - जिल्ला : | |
| नगरपालिका/गा.वि.स :- | नगरपालिका/गा.वि.स.:- |
| वडा नं :- | वडा नं :- |
| गाउँ/ टोल :- | गाउँ/ टोल :- |
| घर नंः- | घर नंः- |
| फोन न.ं :- | फोन नं :- |
| फ्याक्स नं. :- | फ्याक्स नं :- |
| इमेल :- | इमेल :- |

(घ) निवेदक व्यक्ति भए नागरिकता नम्वर र संस्था भए संस्था दर्ता नम्वरः-

२. कार्यक्रम प्रसारण तथा वितरणको माध्यम,-

(क) स्याटेलाइटसँग अपलिङ्क गर्ने (डाईरेक्ट टु होम)ः-

(ख) केबुलः-

(ग) अन्य तरिकाबाटः-

३. डाउनलिङ्क गर्ने च्यानेलको विवरण,-

(क) लिङ्क गरिने स्याटेलाइट/फुटप्रिन्ट र च्यानल प्रसारण गर्ने देशः-

(ख) डाउनलिङ्क गरी प्रसारण वितरण गर्ने सतह माध्यम :-

(ग) प्रसारण वितरण गर्ने च्यानेल सङ्ख्या/विवरण :-

४. प्रयोग गरिने डाउनलिङ्क फ्रिक्वेन्सी र एन्टेना सम्बन्धी विवरण :-

५. डाउनलिङ्क गरिने ठाउँ :-

६. प्रसारण हुने क्षेत्र :-

७. डाउनलिङ्क गरिने मिति :-

८. च्यानेलमा प्रयोग हुने भाषा :-

९. प्रसारणको समय र समयावधि :-

१०. प्रसारण गरिने कार्यक्रमहरु :-

११. अन्य विवरण,-

(क)

(ख)

(ग) निवेदकको,

सही :-

नाम :-

निवेदक संस्था भए संस्थाको छाप मिति :-

फाराम नं (ख)

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

Application for Down-link License

To,

The Khairahani Municipality,

Khairahani, Chitawan, Nepal

We hereby apply, under the provisions of Rule 8 of National Broadcasting Regulation, 2052 (1995) with the following details, for the Down-link License to broadcast our programs within the territory of Khairahani Municipality

1. Applicant's

(a) Name:

(b) Permanent Address: (c) Temporary Address:

District: District:

Municipality/VDC: Municipality/VDC

Ward No: Ward No:

Area/location: Area/location:

House No: House No:

Phone No: Phone No:

Fax No: Fax No:

Email: Email:

(d) Citizenship Number (in case of person):

Company Registration No. (in case of company):

2. Program transmission and Distribution Medium:

(a) Direct- to-home with satellite up-linking:

(b) Ground Cable:

(c) Other modes:

3. Description of down-linking channels:

(a) Up-linked Satellite/Footprint and country transmitting channel:

(b) Medium of ground distribution for down- linking channel:

(c) Number of channels to be distributed:

4. Description of down-linked Frequency and Antenna:

5. Down-linking System Place:

6. Down-linked channel distribution area:

7. Down-linking date:

8. Language used in channel:

9. Broadcasting Time and duration:

10. Program to be transmitted:

11. Other details:

(a)

हेटौंडा नगरपालिकाको स्थानीय राजपत्र

(b)

(c)

Applicant's

Signature:

seal Name:

(If the applicant is a Company) Date:

अनुसूची-१०

फाराम नं (क)

(दफा ९ सँग सम्बन्धित)

डाउनलिङ्क गर्नेअनुमतिपत्र

अनुमतिपत्र नं :-

१. अनुमतिपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

| (क) स्थायी :- | (ख) अस्थायी :- |
|---|---|
| जिल्ला : - | जिल्ला : |
| नगरपालिका/गा.वि.स :- | नगरपालिका/गा.वि.स.:- |
| वडा नं :- | वडा नं :- |
| गाउँ/टोल :- | गाउँ/टोल :- |
| घर नं:- | घर नं:- |
| फोन नं :- | फोन नं :- |

छेदगनी नगरपालिकाको स्थानीय राजपत्र

फ्याक्स नं :- फ्याक्स नं :-

इमेल :- इमेल :-

३. अनुमतिपत्र पाउने व्यक्ति भए नागरिकता नम्वर र संस्था भए संस्था दर्ता नम्वरः-

४. कार्यक्रम प्रसारण तथा वितरणको माध्यमः-

(क) स्याटेलाइटसँग अपलिङ्क गर्ने (डाईरेक्ट टु होम):-

(ख) केबुल :-

(ग) अन्य तरिकाबाटः-

५. डाउनलिङ्क गर्ने च्यानेलको विवरण :-

(क) लिङ्क गरिने स्याटेलाइट/फुटप्रिन्ट र च्यानल प्रसारण गर्ने देशः-

(ख) डाउनलिङ्क गरी प्रसारण वितरण गर्ने सतह माध्यम :-

(ग) प्रसारण वितरण गर्ने च्यानल सङ्ख्या/विवरण :-

६. प्रयोग गरिने डाउनलिङ्क फ्रिक्वेन्सी र एन्टेना सम्बन्धी विवरण :-

७. डाउनलिङ्क गर्ने प्रणाली :-

८. डाउनलिङ्क गरिने ठाउँ :-

९. डाउनलिङ्क च्यानेल वितरण गर्ने क्षेत्र :-

१०. डाउनलिङ्क गरिने मिति :-

११. च्यानेलमा प्रयोग हुने भाषा :-

१२. प्रसारणको समय र समयावधि :-

१३. प्रसारण गरिने कार्यक्रम :-

१४. अनुमतिपत्र बहाल रहने अवधि :-

१५. अन्य शर्तहरू :-

(क)

(ख)

(ग)

कार्यालयको छाप अनुमतिपत्र दिने अधिकारीको,-

सही :-

नाम : -

दर्जा :-

बैरहनी नगरपालिकाको स्थानीय राजपत्र

मिति :- कार्यालय :-

फाराम नं.(ख)

Down-linking License

License No.

1. Licensee person or company's name:

2. Address:

| | |
|---|---|
| (a) Permanent | (b) Temporary |
| District: | District: |
| Municipality/VDC | Municipality/VDC: |
| Ward No: | Ward No: |
| Area/location: | Area/location: |
| House No: | House No: |
| Phone No: | Phone No: |
| Fax No: | Fax No: |
| Email: | Email: |

3. Citizenship Number in the case of licensee being an individual; and Company Registration Number in the case of a company:

4. Medium of broadcast and distribution of program:

(a) Direct-to-home with satellite up-linking:

(b) Ground cable:

(c) Other modes:

5. Description of down-linking channels:

(a) Up-linking Satellite/Footprint and country transmitting the channel:

(b) Medium of ground distribution or down-linking the channel:

(c) Number/description of channels to be distributed:

6. Description of down-linking frequency and antenna:

7. Down-linking system:

8. Down-linking place:

9. Down-linked channel distribution area:

10. Down-linking date:

11. Language used in the channel:

12. Broadcasting time and duration:

13. Program to be transmitted:

14. Period of up-linking:

15. Other terms and conditions:

Seal License Issuing Authority's:

Signature:

Name:

Designation:

Office:

Date:

<u>अनुसूची – ११</u>

केबुल तथा **एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को**

**दफा १०सँग सम्बन्धित**

स्थानीय तहमा केबुल टेलिभिजन तथा एफएम रेडियो इजाजतपत्रका नवीकरणको लागि दिइने निवेदन

**श्री** ............................

मैले/हामीले मिति .................मा प्राप्त गरेको इजाजतपत्र नं...... आ.व.........................को लागि नवीकरण गरिदिन नवीकरण दस्तुर समेत बुझाई (भौचर नं..............................) श्रीमान् समक्ष (आवश्यक कागजात संलग्न गरी) अनुरोध गर्दछु/गर्दछौ ।

<u>निवेदक</u>

..................

<u>संलग्न</u>

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद

<u>अनुसूची– १२</u>

केबुलटेलिभिजन तथा **एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को**

**दफा २० सँग सम्बन्धित**

स्थानीय तहमा केबुल तथा एफएम रेडियो इजाजतपत्रको विवरण बदल्न दिईने निवेदनको ढाँचा

श्री ..........................

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं. ..... मा देहाय बमोजिमको विवरण वदल्न चाहेकोले संलग्न अनुसारको कागजातहरु सहितश्री...................................................समक्ष अनुरोध अनुरोध गर्दछु/गर्दछौं ।

निवेदक

..................

बदल्न चाहेको विवरण

क)

ख)

ग)

संलग्न

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद

छैरहनी नगरपालिकाको स्थानीय राजपत्र